डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

**कार्यपालिका बैठक नं. ७**

मिति २०७९।०४।११ गते, १:०० बजे

**उपस्थिति:**

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)
श्री भगीरथ बोहरा (गाउँपालिका उपाध्यक्ष)
श्री कृष्ण कुमार धामी (सदस्य)
श्री नवराज घरडी (सदस्य)
श्री रघुविर बोहरा (सदस्य)
श्री हरी दत्त पन्त (सदस्य)
श्री यज्ञ राज भट्ट (सदस्य)
श्री उत्तर बहादुर बोहरा (सदस्य)
श्री प्रकाशमणी भट्ट (सदस्य)
श्री कलावती लुहार (सदस्य)
श्री कविता भूल (सदस्य)
श्री दुर्गा धामी (सदस्य)
श्री मानमती लुहार (सदस्य)
श्री बिमला बोहरा (सदस्य)
श्री शारदा बोहरा (सदस्य)
श्री गणेश सिंह बोहरा (सदस्य सचिव)

**कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:**

**प्रस्ताव नं. १:** ऐन, नियमावली, कार्यविधि र निर्देशिका पारित सम्बन्धमा ।

**निर्णय नं. १:** डिलासैनी गाउँपालिकाले कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन तपसिल बमोजिमका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु तयार गरी पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

१. डिलासैनी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९

२ डिलासैनी गाउँपालिकाको असल आमा समूह गठन सम्बन्धी कार्यविधि, २०७९

३ डिलासैनी गाउँपालिकाको टोल विकास समिति गठन सम्बन्धी कार्यविधि, २०७९

CamScanner

४. डिलासैनी गाउँपालिकाको स्वयंसेवक परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

५. डिलासैनी गाउँपालिकाको स्थानीय स्काउट गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०७९

६. डिलासैनी गाउँपालिकाको एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

**प्रस्ताव नं. २: जिम्मेवारी तोकिएको सम्बन्धमा ।**

निर्णय नं. २: डिलासैनी गाउँपालिका अन्तरगतका तपसिल बमोजिमका युवा समिति, आमा समूह, युवा स्वयंसेवक, स्काउट जस्ता पालिका स्तरिय संयोजकको जिम्मेवारी तोकि नेपाल सरकारले तोके अनुसारको सेवा सुविधा पाउने गरी नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

१. युवा स्वयंसेवक १ जना संयोजक, ७ जना सहसंयोजक

२. असल आमा समूह १ जना संयोजक ३ जना सहसंयोजक

३. युवा समिति उपाध्यक्ष १ जना

४. नेपाल स्काउट गाउँपालिका स्तरिय संयोजक १ जना

**प्रस्ताव नं. ३: योजना सिफारिस सम्बन्धमा ।**

निर्णय नं. ३: डिलासैनी गाउँपालिका अन्तरगतका विभिन्न तह र स्तरका समस्या समाधानका लागि तपसिल बमोजिमका साना, मझौला र ठूला योजनाहरु प्राविधिक लागत अनुमान र प्राथमिकताका आधारमा सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित दुरी | कैफियत |
|---|---|---|---|---|
| १ | गन्ना माणे दौतला सेली मौनी हुँदै स्वाखानी सडक | डिलासैनी १ र २ | ३० किमि | |
| २ | द्वारी कालापानी ओडेढुङ्गा सुन्दरखाली पिडारु मड मन्दिर | डिलासैनी ४ पुनपा | १५ किमि | |
| ३ | स्याउले सिराड बृहत खानेपानी | डिलासैनी ५, ६, ७ | २५ किमि | |
| ४ | लिउँडेपातल बृहत खानेपानी योजना | डिलासैनी ४, ७ | १४ किमि | |
| ५ | कुल्थडा सिचाँइ योजना | डिलासैनी ३ | १।५ किमि | |
| ६ | जामडी झोलुङ्गे पुल निर्माण डाडु | डिलासैनी ४ | १०० मि. | |
| ७ | दुनी ननरकाडा खानेपानी योजना | डिलासैनी १ | ५ किमि | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | गन्नीगाड झोलुङ्गे पुल | डिलासैनी २ | १०० मि. | |
| ९ | मगरौंखोला मोटरेवल पुल | डिलासैनी ५ | २०० मि. | |
| १० | सौनगाउँ देखि सेटीगाउँ खानेपानी | डिलासैनी ६ | २ किमि | |

<u>प्रस्ताव नं. ४:</u> एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

<u>निर्णय नं. ४:</u> डिलासैनी गाउँपालिका भौगोलिक विकटताका कारणले खेप्नु परेका स्वास्थ्य सम्बन्धी विभिन्न समस्य समाधान लगायत गर्भवती महिलाहरुलाई बेलैमा स्वास्थ्य चौकी अस्पताल सम्म पुर्याउनका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदूताबासलाई एम्बुलेन्स माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>प्रस्ताव नं. ५:</u> कार्यविवरण र कार्ययोजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा ।

<u>निर्णय नं. ५:</u> डिलासैनी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नका लागि उपलब्ध जनशक्तिलाई तोकिएको जिम्मेवारी अनुसारको कार्यविवरण र कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>प्रस्ताव नं. ६:</u> बेरुजु फश्यौंट तथा असुल उपर सम्बन्धमा ।

<u>निर्णय नं. ६:</u> यस डिलासैनी गाउँपालिकामा हाल सम्म सम्पन्न भएका चालु तथा पूँजीगत प्रकृतिका कार्यक्रमको अन्तिम लेखा परीक्षण पश्चात नियमानुसार लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका बेरुजु फश्यौंट तथा असुल गरी बेरुजु न्यूनीकरण गर्नका लागि लेखा समितिलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मत पारित गरियो ।